# प्रसौनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
मधेश प्रदेश, नेपाल

## स्विपर/मेस्तर करार पदपूर्ति सम्बन्धि सूचना।
## प्रथम पटक प्रकाशित मिति २०८०/१०/०८

प्रस्तुत विषयमा यस प्रसौनी गाउँपालिकाको तेह्रौ गाउँसभाको मिति २०८०/०३/३० को निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुको सार्वजानिक सडक तथा फोहरमैला व्यवस्थापन कार्यका लागी स्विपर/मेस्तर पदपूर्ति गर्नुपर्ने आवश्यक भएकोले **"स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी नमूना कार्यविधि, २०८०"** बमोजिम स्विपर/मेस्तर करारमा पदपूर्तीको लागि ईच्छुक नेपाली नागरीकहरुले तपसिल अनुसारको संख्याको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएका कागजातहरु र निवेदन दस्तुर सहित आवेदन पेश गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**१. स्विपर/मेस्तरको पदपूर्ति विवरण।**

| १. स्विपर/मेस्तर | |
|---|---|
| **विज्ञापन नं.** | **संख्या** |
| १२/०८०/०८१ | १० (दस) |

**२. आवश्यक र अन्य कागजातहरु**

क. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

ख. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ।

ग. उम्मेदवारको निवेदन।

घ. दरखास्त फारम साथ पेश गरिएका सम्पूर्ण प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेको हुनु पर्ने छ।

ङ. हालसाल खिचिएको पासपोर्ट साईजको फोटो – २ प्रति

च. **आवेदन दस्तुर**:- रु.५००, यस कार्यालयको राजश्व खाता नं.०५३०७६८२९४००१९ र खाताको नाम (ग.१-१ आन्तरिक राजश्व खाता प्रसौनी ) हिमालयन बैंकको शाखा कार्यालय प्रसौनीमा जम्मा गरेको बैंक भौचर तथा बुझाएको रसिद।

३. **परीक्षाको किसिम**:- अन्तरवार्ता

४. **परीक्षा मिति**:- पछि प्रकाशित गरिनेछ।

५. **तलब तथा सेवा सुविधा**:- प्रसौनी गाउँपालिकाको कार्यालयले तोके बमोजिम ।

६. **आवेदन बुझाँउने स्थान**:- प्रसौनी गाउँपालिकाको कर्मचारी प्रशासन शाखा (आवेदन फारम यसै शाखा बाट प्राप्त गर्न सकिनेछ)

७. **आवेदन दिने अन्तिम मिति**:-२०८०/१०/२२ गते कार्यालय समय भित्र।

८. **करार अवधि**:-२०८१ अषाढ मसान्त सम्म। ( आवश्यकता अनुसार पून म्याद थप गरिनेछ।)

२०८०/१०/०८

सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत



CamScanner